# यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा संशोधनः जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जवर्जस्ती करणी सम्बन्धी कसूर वा तेजाब प्रयोग गरी ज्यान मारेको, अंगभंग गरेको वा शारीरिक क्षति पुर्‍याएको कसूरमा त्यस्तो छूट दिईने छैन ।"

३. मुलुकी अपराध संहिता, २०७४ मा संशोधनः मुलुकी अपराध संहिता, २०७४ को,-

(१) दफा २१९ को,-

(क) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई उपदफा (३) बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको जरिबाना समेत हुनेछ र त्यस्तो जरिबाना वापत प्राप्त रकम पीडितलाई दिनु पर्नेछः-

(क) उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम कैद सजाय हुने कसूरदारलाई छ लाख रुपैयाँ जरिबाना,

(ख) उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कैद सजाय हुने कसूरदारलाई चार लाख रुपैयाँ जरिबाना,

(ग) उपदफा (३) को खण्ड (ङ) बमोजिम कैद सजाय हुने कसूरदारलाई दुई लाख रुपैयाँ जरिबाना ।"

(ख) उपदफा (६) को ठाउँ ठाउँमा रहेका "प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने" भन्ने शब्दहरुको सट्टा "प्रतिरोधक क्षमता ह्रास गर्ने" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २२७ पछि देहायको दफा २२७क. थपिएको छः-

"२२७क. मिलापत्र गर्न वा गराउन नहुनेः (१) यस परिच्छेद बमोजिम करणी सम्बन्धी कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको डर, धाक, धम्की दिई वा करकापमा पारी कुनै किसिमको लेनदेन गरी वा नगरी त्यस्तो कसूरमा उजुरी नगर्न, जाहेरी नदिन वा अदालतमा उपस्थित नहुन मञ्जुर गराउन वा कसूर गर्ने व्यक्ति र पीडित वा पीडितको परिवारको सदस्यबीच मेलमिलाप वा मिलापत्र गराउन वा त्यसको लागि दबाब दिन वा प्रभावमा पार्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीसहजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरे वा गराएमा निजलाई उपदफा (२) बमोजिम हुने सजायमा थप छ महिना कैद सजाय हुनेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम मतियार वा दुरुत्साहन मानिने कसूरमा सोही बमोजिम मुद्दा चलाई सजाय हुनेछ।"

(३) दफा २२८ मा रहेका "कसूरदारबाट मनासिब क्षतिपूर्ति" भन्ने शब्दहरुको सट्टा "जरिबानाबाट प्राप्त हुने रकम समेत विचार गरी कसूरदारलाई सजाय निर्धारण गर्दा निजबाट मनासिब क्षतिपूर्ति" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा २२९ को उपदफा (२) मा रहेका "र २२६ को उपदफा (३) अन्तर्गतको" भन्ने शब्दहरुको सट्टा ",२२६ को उपदफा (३) र दफा २२७क. को उपदफा (१) अन्तर्गतको" भन्ने शब्दहरु राखिएका छन् ।

४. <u>मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनः</u> मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को,-

(१) दफा ३२ को,-

(क) उपदफा (२) मा रहेका "दसी तथा वस्तु" भन्ने शब्दहरुको सट्टा "दसी तथा वस्तु, जवर्जस्ती करणी सम्बन्धी कसूर भएमा सम्भव भएसम्म पीडित व्यक्ति" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) अभियोगपत्र पेश गर्दा उपदफा (२) बमोजिम पीडितलाई उपस्थित गराइएको रहेछ भने निजको तत्काल बकपत्र गराई दफा १०१ को उपदफा (७) बमोजिम प्रतिवादीलाई जिरह गर्ने अवसर दिनु पर्नेछ।"

(२) दफा ४४ को उपदफा (२) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि जवर्जस्ती करणी सम्बन्धी मुद्दाको झुट्टा उजुरी वा बकपत्र गर्ने व्यक्तिलाई जवर्जस्ती करणी सम्बन्धी कसूर गर्ने कसूरदारलाई हुने न्यूनतम सजायको आधा सजाय गर्न,"

(३) अनुसूची-१ को खण्ड (क) को क्रम संख्या १७ मा रहेका "२२६ को उपदफा (३)" भन्ने शब्दहरुपछि "र सो दफा तथा उपदफाहरुसँग सम्बन्धित दफा २२७क. अन्तर्गतको कसूर" भन्ने शब्दहरु थपिएका छन् ।

५. <u>यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८ निष्क्रिय भएपछि त्यसको परिणामः</u> यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र सो अध्यादेश कायम रहेसरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।